५ वर्ष नाघेदेखि ७ वर्षसम्मको ऐ— — ५ पाँच पट्ठी ।८ आठपैसा ⁄।। डेढआना
७ वर्ष नाघेदेखि १० वर्षसम्मका ऐ— — ७ सातछुट्ठा ।१० दशपैसा ≈ दुइआना
१० वर्ष नघेदेखि १३ वर्षसम्मको ऐ - — ९ नौमुट्ठी ।१२ बाह्रपैसा≈। सवादुइआना
१३ वर्ष नाघेकोलाई कैदी सरह जेल सुधार योजनामुताबिक दिने ।

आज्ञाले—
श्रीवत्सराज,
का.मु. सेक्रेटरी—गृहविभाग.

## गृहविभागको सूचना

गृ.पु.जे. ४०४७ १२।५।०१२.

जेल खोरका नाबालकलाई कपडा दिनेबारे दरबन्दीलाई जाहेर हुँदा १ वर्षदेखि ५ वर्ष सम्मकालाई बयस्कले पाउने दरबन्दीको एक तिहाई र ५ वर्षदेखि ८ वर्षसम्मकालाई वयस्कले पाउने दरबन्दीको आधा दिने सरकारबाट निर्णय भएको छ।

आज्ञाले—
श्रीवत्सराज,
का. मु. सेक्रेटरी—गृहविभाग.

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. १६

मिति २०१२।५।१३।२

शिक्षाविभाग—अन्तर्गत त्रिचन्द्र कलेज र दरबार इन्टर कलेजलाई तपसील-बमोजिमका ६ जना लेक्चरर र चारजना डेमोन्स्ट्रेटर चाहिएका छन् । योग्य उमेदवारहरूले प. स. क. दरखास्त फारम नं. १ (२०१०) मा भरी २०१२ साल कातिक १७ गते रोज ५ सम्ममा तलको ठेगानामा पुग्ने गरी आवेदन गर्नु-होला। दरखास्त फारामको नमुना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोस्वारामा पनिपाइनेछ । दरखास्तसाथ फी पठाउनुपर्दैन।

३४ अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।